आज मिति २०७८ साल फाल्गुन २४ गते बिहान : ८ बजे भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल :

श्री भूपेन्द्र बहादुर चन्द नगर प्रमुख
श्री रेणु आचार्य, नगर उपप्रमुख
श्री हरि बहादुर थापा का.वा. वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जित बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कंडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री गजेन्द्र कुमार जि.सी, (सदस्य सचिव) नि.प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी
श्री कुल बहादुर खड्का, नायब सुब्बा
श्री युवराज देवकोटा, लेखापाल
श्री लक्ष्मन बि.क, एम.आई.एस.अपरेटर

श्री कृष्ण B. शाही का.स.

Scanned with CamScanner

राजनीतिक दलको प्रतिनिधिहरु :

श्री राम बहादुर सिंह, सभापति नेपाली काँग्रेस

श्री नर बहादुर थापा, अध्यक्ष ने.क.पा. एमाले

श्री गणेश भण्डारी, अध्यक्ष ने.क.पा. माओवादी केन्द्र

श्री लालमणि पौडेल अध्यक्ष,समाजवादी पार्टी,

श्री धनसिंह खडका, क्याम्पस प्रमुख

श्री किरण भाट, लेखपराजुल उपभोक्ता समिति, मध्यवर्ती क्षेत्र, भेरीगंगा न.पा. वडा नं. १, २, र ३ अध्यक्ष

श्री शान्त ब. खत्री, छिन्चु उपभोक्ता समिति, मध्यवर्ती क्षेत्र, भेरीगंगा न.पा. ४ अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं. १ : कृषि तथा वन विज्ञान क्याम्पस सम्बन्धमा ।**

**निर्णय नं. १ :** मध्यपश्चिम विश्वविद्यालय अन्तर्गत कृषि तथा वन विज्ञान संकाय केन्द्रीय क्याम्पस स्थापनाका लागि यस नगरपालिकाले निम्नानुसारको प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

क) यस भेरीगंगा न.पा. ११ को स्वामित्वमा रहेको सेवा केन्द्रका ४ वटा भवनको ३२ कोठा कृषि तथा वन विज्ञान संकायको लागि छात्रावास एवं कर्मचारी आवास प्रयोजनको लागि दिने,

ख) साविक रामघाट सेवा केन्द्र हाल भेरीगंगा न.पा. ११ स्थित पूवर्मा बाटो, पश्चिममा बस्ती र बाटो, उत्तर आवास बस्ती, दक्षिणमा खानेपानी तथा सिंचाई टंकी र वन क्षेत्रभित्र नपर्ने आवादी जग्गा करिब १५ बिगाहा हाल दर्ता प्रक्रियामा रहेको र उक्त जग्गा तत्काल दर्ता गरी कृषि तथा वन विज्ञान संकाय क्याम्पसलाई हस्तान्तरण गर्ने,

ग) शैक्षणिक तथा प्रशासनिक भवनका लागि आवश्यक पर्ने कोठा, फर्निचर तथा अन्य सामग्रीहरु कृषि तथा वन विज्ञान क्याम्पसको पूर्वाधार तयार नहुन्जेलसम्म हाल निर्मित भवनको २४ वटा कोठा मध्ये आवश्यक पर्ने कोठा तथा अन्य भौतिक संरचना कृषि तथा वन विज्ञान क्याम्पसको लागि प्रयोग गर्न दिने,

घ) आगामी आर्थिक वर्षदेखि कृषि तथा वन विज्ञान क्याम्पसको भौतिक पूर्वाधार तयार गर्न आवश्यक रकम भेरीगंगा नगरपालिकाबाट उपलब्ध गराउन नितिगत व्यवस्था गरी गर्ने,

ङ) थप भौतिक संरचना निर्माणको लागि प्रदेश र संघीय सरकारसँग आगामी आ.व.मा १० करोड माग गर्ने,

च) यस भेरीगंगा नगरपालिका वडा नं. ५ को उज्जवल सामुदायिक वन उपभोक्ता समूह अन्तर्गतको प्लट नं. ४ बुटीचौर भन्ने स्थान छेउछाउमा स-साना बुट्यान भएको बीचमा बिरुवा विनाको खाली सम्म परेको चौर सँगै करिब ५०० (पाँच सय) रोपनी जग्गा भएको उक्त स्थानमा पर्याप्त पानी पनि भएकोले उक्त स्थानमा अर्गानिक कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना गर्न जग्गा उपलब्ध गराउने साथै सो कार्यको लागि नियमानुसार प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : का.वा. वडाअध्यक्ष सम्बन्धमा ।**

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिका वडा नं. १ को वडा अध्यक्ष श्री नवराज कार्की मिति २०७८।११।०८ गते मोटरसाइकल दुर्घटनामा परी उपचारको क्रममा मिति २०७८।११।१३ गते दु:खद निधन हुन गएकोमा वडा अध्यक्षबाट हुने कामकाजमा समस्या भएको र श्री हरि बहादुर थापालाई का.वा. वडा अध्यक्षको जिम्मेवारी तोकिदिन वडा नं. १ को वडा समितिको निर्णय प्राप्त भएको सन्दर्भमा वडाको निर्णय बमोजिम नै श्री हरि बहादुर थापालाई का.वा. वडाअध्यक्षको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : अतिक्रमण जग्गा सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिका वडा नं. ११ मा रहेको,पूर्व महिला विकास शाखाको हाल भेरीगंगा नगरपालिकाको स्वामित्वमा रही औद्योगिक ग्रामको लागि निर्णय समेत भइसकेको सन्दर्भमा

Scanned with CamScanner

पूर्व खोला, पश्चिममा खोला, उत्तरमा खोला र दक्षिणमा वडा नं. १३ जाने रिंगरोड भित्रको अन्दाजी ६० रोपनी जग्गा विभिन्न व्यक्तिहरुबाट अतिक्रमण भएको पाइएकोले तत्काल अतिक्रमण रोकन र हटाउन वडा कार्यालयलाई निर्देशन दिने र माथि उल्लेखित ४ किल्ला भित्रको जग्गालाई तारबार गरि औद्योगिक ग्राम निर्माण गर्ने सम्बन्धमा सम्बन्धित वडालाई जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : १५ शैया अस्पताल सम्बन्धमा ।**

**निर्णय नं. ४ :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. १ (यो) २०७७।०७८, च.नं.५०२ मिति २०७७।०९।२१ को प्राप्त पत्रानुसार यस भेरीगंगा नगरपालिकाभित्र रहेको वडा नं. ८ मा रहेको २ रोपनी दर्ता जग्गा र स्वास्थ्य चौकीको स्वामित्वमा रहेको १० रोपनी जग्गामा १५ शैयाको अस्पताल निर्माणको लागि संघीय सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : सडक विस्तार तथा अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५ :** भेरीगंगा न.पा. वडा नं. १, २, ३ र ४ मा पर्ने बाटो वि.स.२०२४ सालदेखि गोरेटो बाटोको रुपमा रहेकोमा वि.स. २०७४ सालदेखि हर्रे देखि हान्ने सिमलसम्म करिव ५ मिटर चौडा बाटो र हान्ने सिमलदेखि हात्तीगौडासम्म करिब ३ मिटर र हान्ने सिमलदेखि भऱ्याङ्गसम्म करिब ३ मिटर चौडा बाटो प्रयोग हुँदै आएकोले सो क्षेत्र उत्तर मध्यवर्ती क्षेत्रमा पर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन IEE को आधारमा असर नपर्ने गरी स्थानीय बासिन्दाको सहजताको लागि सो बाटोको स्तरोन्नती कायम गरी ६ मिटर चौडा बाटो कायम गर्ने निर्णय गरियो, साथै तोकिए बमोजिमको बाटो चौडा गर्नको लागि सहयोग गरिदिन वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : पारिश्रमिक तथा भत्ता सम्बन्धमा ।**

**निर्णय नं. ६ :** यस भेरीगंगा नगरपालिकाको आ.व. २०७८।०७९ को मानसिक स्वास्थ्य परामर्श सेवा शीर्षकको रु. ८,००,०००।- मध्येबाट २०७९ असार मसान्तसम्मको लागि सामुदायिक मनोसामाजिक कार्यकर्ता २ जनालाई मासिक तलब रु.१७,२८०।- र संचार तथा यातायात खर्च रु. ३५०० प्रतिव्यक्ति बराबर दिने साथै १ जना सामुदायिक मनोपरामर्शकर्तालाई मासिक तलब रु.२८,२००।- र संचार खर्च वापत मासिक रु.१,०००।- को दरले उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : करार सेवामा लिने सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस भेरीगंगा नगरपालिकाको मानसिक स्वास्थ्य तथा परामर्श सम्बन्धी सेवा दिनको लागि सि.एस.सी. नेपाल मार्फत यस नगरपालिकासँग समन्वय गरी विगतदेखि नै कार्य गर्दै आइरहेको हुँदा मिति २०७८ चैत्र १ गतेदेखि लागु हुनेगरी श्री नन्दा चन्द खत्री लाई करार सेवामा नियुक्ती दिई कामकाजमा लगाउने र सो को अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner